फोन नं. ०६१५०६४०४-

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

माडी गाँउपालिका
गण्डकी प्रदेश, नेपाल

पत्र सं. ०८१/८२
चलानी नं.:

मिति: २०८१/०५/०६

**वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारे सूचना।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८१/०४/३१ गते प्रकाशित सूचना अनुसार "वैदेशिक रोजगार सन्तती छात्रावृत्ति सन्चालान कार्यविधि २०८०" बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु तथा अङ्गभङ्ग वा बिरामी भई वैदेशिक रोजगार वोर्डवाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका सन्ततिहरु पुर्व प्राथमिक कक्षा, नर्सरी वा सो सरह देखी १२ कक्षा सम्मका अध्ययनरत विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डवाट उपलब्ध गराईने छात्रावृत्तिका लागि तपशिल अनुसारको कागजात सहित आफु अध्ययनरत शैक्षिक संस्थावाट अनुसुची ०१ बमोजिमको ढांचामा फारम भरि २०८१ असोजमसान्त भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु(नयां आवेदकका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- बैदेशिक रोजगारीमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्ण रुपमा अशक्त भएको खुल्ने प्रमाण कागजात
- निवेदक संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

**साविकमा प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विधार्थीको निवेदन।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि ।

**छात्रावृत्तिको सीमा**

वार्षिक रुपमा आधारभुत तहका लागि रु.१२ हजार रुपैया मात्र र माध्यमिक तहका लागि रु.१६ हजार रुपैया मात्र प्रदान गरिनेछ ।

नोट-छात्रवृत्ति फारम मादी गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट उपलब्ध गराईने अथवा सचिवालयको बेवसाईटवाट

**www.feb.gov.np** डाउनलोड गर्न सकिने छ।

थप जानकारीको लागि सम्पर्क नम्बर ९८६६४५६६८५

कमल प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

कमल प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत